# बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
बेलबारी,मोरङ
BELBARI, MORANG
कोशी प्रदेश नेपाल
(KOSHI PROVINCE NEPAL)

☎ 021-434259
021-434213


प.स. ०८१/०८२
च.नं ६८९

बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेलबारी, मोरङ कोशी प्रदेश, नेपाल

मिति : २०८१/०५/१७

**विषय: लिखित जबाफ सहित ३ दिन भित्रमा उपस्थितिका लागि अन्तिम ताकेता ।**

श्री रबिना, अभिसा, अभियान जे.भी
काठमाडौं ।

प्रस्तुत विषयमा तहाँ जे.भी र यस पालिका विच आ.व २०७७/०७८ मा ठेक्का नं. BM/MOR/W/NCB-०२-०७७-०७८ को बेलबारी सपिङ्ग कम्प्लेक्स तथा स्थानीय उत्पादन केन्द्र भवन निर्माण कार्य गर्नका लागि सम्झौता भएको विधितै छ। आ.व २०७७/०७८ मा सम्झौता हुँदा मिति २०७९/०५/२७ सम्म कार्य सम्पन्न गर्ने भनी सम्झौता भएको थियो । उक्त समयावधिमा कार्य सम्पन्न गर्न नसकी पहिलो पटक मिति २०८०/०५/२८ गते सम्म म्याद थप भएकोमा सो अवधिमा समेत कार्य सम्पन्न नगरेको र मिति २०८०/०९/२६ को १०९ औ कार्यपालिकाको बैठकले मिति २०८१/०३/२८ सम्म अन्तिम पटकका लागि म्याद थप गरिएकोमा हालसम्म पनि कार्य प्रारम्भ नगरी कार्य लाई निरन्तरता नदिई सम्पर्क विहिन हुनु भएको र पटक पटक मौखिक र लिखित जबाफ सहित सम्पर्क र कार्य सुचारुका लागि स्पष्टीकरण पेसका लागि ताकेता गरिएको साथै यस कार्यालयबाट मिति २०८१/०४/२७ गते समेत पत्राचार गरिएकोमा ताहा ब्यबसायीले कुनै प्रतिक्रिया तथा कार्य सुचारु गर्नु भएन । म्याद थप बखत पेश गरेको कार्यतालिका अनुरुप कार्य प्रगति के कति कारणले फरक पर्न गएको हो भनि यस कार्यालयको च.न.३४६३ मार्फत पत्राचार गरिएकोमा कुनै जबाफ र कार्य सुचारु भएको पाइएन । तोकिएको कार्य तोकिएको समयमा तोकिएको गुणस्तरमा सम्पन्न हुन नसकेकोले यस पालिकाको योजनामा समेत प्रतिकुल असर पुगेको हुँदा तोकिएको समय भित्र कार्य सम्पन्न नभएकोले यो अन्तिम ताकेता पत्र मार्फत पत्र प्राप्त मितिले ३ दिन भित्रमा स्वयम लिखित जबाफ सहित यस कार्यालयमा उपस्थितिका लागि अनुरोध गरिन्छ । अन्यथा सार्वजनिक खरिद ऐन तथा नियमावली, ठेक्का सम्झौताका शर्त र प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा समेत पुनः अनुरोध छ ।

किरण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री नगर प्रमुख/ उपप्रमुख ज्यू – जानकारीका लागि ।
श्री वडा नं. १ को कार्यालय – जानकारीका लागि ।
श्री आर्थिक प्रशासन शाखा – जानकारीका लागि ।
श्री सूचना प्रविधि शाखा – Website मा राख्ने र सम्बन्धित वडा तथा निर्माण सेवालाई इमेल गरिदिने ।

* abhiyanconstruction2077@gmail.com